# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
**केन्द्रिय कार्यालय, Central Office**
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६८ चैत ३ गते

# कानुनसम्मत ढंगमा सडक विस्तार गर्न जोड

**ललितपुर, चैत ३ गते ।**

काठमाडौं उपत्यकामा सडक विस्तार कार्य अघि बढिरहेको बेलामा राष्ट्रिय मानव अधिकार आयोगले सरोकारवाला निकायहरुलाई आयोगकै कार्यालयमा बोलाएर परामर्श बैठक गरेको छ ।

बैठकमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सडक विस्तार गर्ने अघि बढाउँदा विद्यमान ऐन कानुन र मानव अधिकारका आधारभूत मान्यताहरुलाई आत्मसात गर्न सरोकारवाला निकायहरु आग्रह गर्नुभयो ।

उहाँले सडक विस्तार गर्दा प्रभावित क्षेत्रका नागरिकलाई यथासमयमा जानकारी दिन एवम् कसैको घर जग्गा पर्न गएमा बमोजिम क्षतिपूर्ति पाउने भए क्षतिपूर्ति दिन पनि सुझाव दिनुभयो ।

आयोगका सदस्य गौरी प्रधानले सडक विस्तार गर्ने क्रममा आफूहरुमाथि अन्याय भएको भन्दै स्थानीय नागरिकले आयोगमा उजुरी दिएको जानकारी गराउनुभयो ।

उहाँले सडक विस्तार गर्ने क्रममा असमान व्यवहार भएको सुनिन आएको जानकारी दिँदै त्यस्तो व्यवहार भएको भए त्यसलाई तत्कालन बन्द गर्न र राजनीतिक दवावको आधारमा कसैलाई काख र कसैलाई पाख नगर्न पनि जोड दिनुभयो ।

सदस्य प्रधानले सडक विस्तार गर्ने क्रममा नियम कानुन र विधि-विधानलाई पूर्ण रुपमा पालना गर्न सरोकारवाला निकायहरुसंग आग्रह गर्नुभयो ।

महानगरीय प्रहरी ट्राफिक महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक जयबहादुर चन्दले बैठकमा उठेका प्रश्नहरुको जवाफ दिँदै आफूहरुले कुनै भेदभावविना नै विधिसम्मत ढंगमा सडक विस्तार कार्य अघि बढाइएको जानकारी दिनुभयो ।

प्रहरी वरिष्ठ उपरीक्षक चन्दले सडक विस्तार गर्नुभन्दा अघि प्रक्रियाबद्ध ढंगमा सार्वजनिक सूचना जारी गरिएको, भत्काउनुपर्ने स्थानको पहिचान गरी 'मार्किङ' गरिएको र संरचाना भत्काउनुभन्दा अघि 'माइकिङ' गरिएको  बताउनुभयो ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

प.सं.
च. नं.

सडक विस्तार गर्ने क्रममा फुटपाथको व्यवस्था भए नभएको बारेमा आयुक्तहरुले राख्नुभएको जिज्ञासामा उहाँले यस विषयमा पनि आफूहरुले ध्यान दिएको बताउनुभयो ।

भौतिक योजना तथा निर्माण मन्त्रालय, काठमाडौं उपत्यका नगर विकास समिति र काठमाडौं महानगरपालिकाका प्रतिनिधिहरु क्रमशः रमेशराज बिष्ट, अनन्तकुमार बस्नेत र विष्णुप्रसाद जोशीले बैठकमा उठेका प्रश्नहरुको जवाफ दिनभएको थियो ।

बैठकमा आयुक्त रामनागिना सिंह, निर्देशक वेदप्रसाद भट्टराई तथा आयोग अधिकृतहरुको उपस्थिति थियो ।

विशाल खनाल
सचिव